नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं ।

वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचना

(सूचना प्रकाशन मितिः २०८०/८/४)

वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका एवं बैदेशिक रोजगार कल्याणकारी कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका १८ वर्ष मुनिका बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सो कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक बिद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० कार्यविधि बमोजिम आ-आफ्नो विद्यालयमा निवेदन पेश गर्नुहुन साथै सम्बन्धित विद्यालयले आवश्यक कागजात सहित आ-आफ्नो स्थानीय तहमा सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र सिफारिस सहित पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति सम्बन्धी थप बुझ्नुपरेमा सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा सम्पर्क गर्न सकिनेछ। विस्तृत विवरण सचिवालयको वेबसाईट www.feb.gov.np बाट कार्यविधि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

कार्यकारी निर्देशक

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
(प्रशासन, योजना तथा अनुगमन शाखा)

बबरमहल, काठमाडौं
फोन नं. ०१-५३२०३११,
०१-५३२०४३३/५६७
फ्याक्स नं. : ०१-५३२०५४३
Email : info@fepb.gov.np

प.सं. २०८०/८१
च.नं. ४२१

मितिः २०८०/०८/०४

श्री स्थानीय तह (७५३) सबै ।

विषयः वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सिफारिस गरि पठाईदिनुहुन।

प्रस्तुत विषयमा **वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८०** बमोजिम वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका एवं यस सचिवालयको कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका बालबालिकाहरुलाई उपलब्ध गराईने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुलाई सो कार्यक्रममा आवद्ध गर्ने सम्बन्धी यस सचिवालयको मिति २०८०/८/४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाको प्रतिलिपी यसैसाथ संलग्न छ । सम्पूर्ण ब्यहोरा सोही पत्रबाट अवगत गरी तहाँ पालिका अन्तर्गतका विद्यालयहरुमा सम्प्रेषण एवं कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी २०८० पौष मसान्तसम्म यस सचिवालयमा विवरण पठाईदिनुहुन अनुरोध छ । **वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८०** तथा विस्तृत सूचना यस सचिवालयको वेब साईट www.feb.gov.np बाट डाउनलोड गरी विस्तृत विवरण प्राप्त गर्न सकिनेछ ।

.....
(टिकाराम ढकाल)
निर्देशक

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालयको

वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने बारेको सूचना

प्रथम पटक नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकासित मिति : २०८०।०८।०४

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा असक्त वा गम्भीर विरामी भएका कामदारका बालवालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) वमोजिमको ढाँचामा २०८० साल पुस ८ गते भित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विद्यार्थीले निवेदन पेश गर्ने निकाय

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसुची १ वमोजिमको ढाँचामा ।

छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार बोर्डबाट **शत प्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा/छोरी ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- **मिति २०८० कार्तिक मसान्तसम्म** उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०८० को छात्रवृत्ति उपलव्ध गराइनेछ ।

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (नयाँ आवेदकका लागि)

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात ।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज ।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको सिफारिस ।

साविकमा प्राप्त गरिरहेका बालवालिकाका लागि

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।

- कामदारको राहदानीको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि ।

छात्रवृत्तिको सीमा

- बार्षिक रुपमा आधारभुत तहका लागि रु १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रु १६,०००। (सोह्र हजार) प्रदान गरिने छ ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति उपलब्ध गराइनेछ ।

विद्यालयको जिम्मेवारी

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने ।
- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचवुझ गर्नु पर्नेछ ।
- जाँचवुझबाट उपयुक्त ठहर गरेका निवेदनहरु सो कार्यविधिको अनुसुचि (२) को ढाँचामा सिफारिस सहित सम्वन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

स्थानीय तहको जिम्मेवारी

- स्थानीय तह भित्रका सबै विद्यालयहरुलाइसो विद्यालयमा अध्ययनरत वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि , २०८० वमोजिम छात्रवृत्ति पाउने विवरण संकलन गरी स्थानीय तहमा पेश गर्न जानकारी गराउने ।
- सम्बन्धित विद्यालयबाट सिफरिस सहित प्राप्त हुन आएका निवेदनहरुलाई जाँच गरी स्थानीय शिक्ष समितिको निर्णय सहित कार्यविधिको अनुसुची (३) मा उल्लेखित विवरण खुल्ने वैदेशिक रोजगार बोर्डमा पठाउने ।

(थप जानकारी श्रम कल सेन्टरको टोल फ्रि नं ११४१, वैदेशिक रोजगार बोर्ड सचिवालयको फोन नं ०१-५३२०३११,४३३ तथा वेवर्साइट www.feb.gov.np **बाट प्राप्त गर्न सकिने छ ।)**